
ISSN 2091-1769

# शब्द संयोजन

वर्ष १४, अङ्क ७, पूर्णाङ्क १६२, २०७४ कात्तिक



# शुभारम्भ



❖ प्रा. रामप्रसाद दाहाल

व्यभिचारीले सदाचारीको भावना बुझेको इतिहास भेट्नसकिदैन। फलामको खियाले फलामलाई नै अन्त्य गरिदिए जस्तै मनबाट निस्केको विचारले मान्छेलाई सिध्याउँछ भन्ने कुरा पनि युरोपघुमाइमा अनुभव गरेँ मैले। देश र माटोलाई माया गर्ने, उल्लेख्य योगदान दिने व्यक्तिहरू महान् हुन्छन्। नेपालमा पनि विकास हुन्छ, कालो बादलमाथि चाँदीको घेरा हुन्छ भन्ने कुरा सम्झिरहेको छु। त्यही सम्झाइमा स्विटजरल्यान्डका ताल, फाँट, गरा वस्ती, सहर, पहाड, हिमाल हेर्दै नेपाललाई दाँज्न म घुमिरहेँ र मेरो लेखनीमा मसी भरिरहेँ – नेपालका लागि केही गर्ने प्रेरणा बनोस् स्विटजरल्यान्ड भन्ने अर्थमा।

*('युरोपको यात्रा अक्षरको खेती' नियात्रासङ्ग्रहको आफ्नै भूमिकामा व्यक्त अभिव्यक्ति)*

❖ सम्पादकीय

# संविधानको कार्यान्वयन र निर्वाचन

संविधान देशको मूल कानुन हो । संसारका सबै देशमा संविधानलाई मुलुक डोहोर्‍याउने मूल कानुन मानिन्छ । हाम्रो देशमा पनि सिङ्गो संविधानसभाको एक कार्यकाल असफल भएपछि दोस्रो कार्यकालका लागि निर्वाचन नै सम्पन्न गरेर, राज्यकोष रित्याएर र जनताको चर्को जनदबाबपछि देशको मूल कानुन मानिएको संविधान निर्माण भएको हो । संविधान निर्माण सम्पन्न भएपछि मुलुकले विकासको गति लिन्छ, राजनीतिक स्थिरता हुन्छ र जनताका अपेक्षा धेरै हदसम्म पूरा हुन्छन् भन्ने जनताको सपना सार्थक हुनु त कता हो कता निकै धेरै लामो समयसम्म पनि अन्योलमा रुमल्लिनु पर्‍यो । जनताद्वारा निर्वाचित प्रतिनिधिले, ९० प्रतिशतभन्दा बढी जनप्रतिनिधिले दस्तखत गरेर जारी भएको हाम्रो संविधान संसारकै इतिहासमा उदाहरणीय मानिएको थियो । संसारका लोकतन्त्रका ठेकेदार मानिएका मुलुकमा पनि यति ठुलो सङ्ख्यामा संविधान जारी गर्ने पक्षमा एकमत भएको उदाहरण पाइँदैन । तर दुर्भाग्य भन्नुपर्छ सानो मुलुक भएको र हेपाहा छिमेकी ठुला भएका कारणले आफ्नो स्वार्थसँग मेल नखाएको अर्थात् स्वार्थ बाझिएका कारण, आफ्नो इच्छामुताविक नभई इच्छाविरुद्ध संविधान जारी भएका कारण, आफूले संविधान जारी हुनै नदिने गरी गरेको षडयन्त्रका बाबजुद जबरजस्ती नेपाली जनताको दबाबका कारण संविधान जारी भएकाले हाम्रो संविधानले छिमेकीको टाउको धेरै दुखाइदियो ! नेपालको भूमिमा राजनीति गर्छौं भन्ने केही लम्पसारवादी उसका खेतालाहरूलाई निर्लज्ज काँधमा बोकेर आफ्नै काँध फोहोर भएकोसमेत नदेखी छिमेकीले बोकिदिएका कारण लम्पसारवादी खेतालाहरूले नेपाली जनताको भावनामा कुल्चने प्रयास गरे । नेपाली जनताको भावनाअनुसार जारी भएको संविधान जलाउनेसम्मका दुष्कर्म गरे, इसाराको वा आज्ञाको पालना गरे ! छिमेकीको सिमानामा बसेर नेपालआमाको छातीमा ढुङ्गा हान्नेसम्मका हर्कत पनि गरे वा भनौँ गराइए। नेपाली जनताले छिमेकीको दादागिरीस्वरूप नाकाबन्दीको उपहार पनि ग्रहण गर्न बाध्य हुनुपर्‍यो । एउटै रट लागिरह्यो संविधान संशोधन हुनुपर्छ र आफूले फालेको हड्डी चुस्ने लम्पसारवादीहरूको चित्त बुझाइदिनुपर्छ अर्थात् प्रकारान्तरले हाम्रो इच्छामुताविकको संशोधन गरिनुपर्छ ।

'आफ्नो आङको भैँसी नदेख्ने तर अर्काको आङको जुम्रा देख्ने' भने झैँ आफ्नो मुलुकमा गरिबी, अन्याय, अत्याचार, शोषण, विभेद, नागरिक अधिकारमाथि अङ्कुश लगाएको र स्वन्त्रताका पक्षमा लडेकालाई निर्मम दमन गरेका सबै दुष्कर्म नदेखी 'टाँगामा बाँधेको घोडा' झैँ हिनहिनाउँदै गरेका साम्राज्यवादीहरू कथित हाम्रो देशका लम्पसारवादी खेतालाहरूलाई जनता ठानेर हाम्रै भूमिमा वितण्डा मच्चाउन केही समय सफल पनि भए वा भनौँ भ्रम छर्न सफल भए तर नेपाली जनताको राष्ट्रवादी भावना यसरी मुखरित भयो कि 'बरु अभावमा

बाँच्न तयार छौं तर सम्राज्यवादीका अगाडि लम्पसार हुन तयार छैनौं' भन्दै सडकमा ओर्लिए । साम्राज्यवादविरोधी जनलहर नै पैदा भयो र त्यसको नेतृत्व जनता र देशको पक्षमा राजनीति गर्ने केही राष्ट्रवादी नेताले लिए । फलस्वरूप न त लम्पसारवादीहरूका मालिकको इच्छा पूरा भयो, न त संविधानमा उनीहरूको चाहनानुसार संशोधन नै हुनसक्यो । यो पराजयको पीडा उनीहरूलाई खपिनसक्नु त भयो होला नै तर त्यसलाई भित्रै दबाएर दुई दुई चरणका निर्वाचन मालिकको इसारामा बहिष्कार गरेका वा भनौं जनताले आफ्नो अभिमतद्वारा जमानत नै जफत गराइदिन्छन् भन्ने त्रासले कथित बहिष्कारको नाटक गरेका लम्पसारवादीहरू तेस्रो चरणको निर्वाचनमा भने भाग लिन बाध्य भए । अर्थात् आफ्नो काँधमा फोहोर गरिरहेका र जनताले अविश्वास गरेका लम्पसारवादीहरूलाई योभन्दा धेरै बोक्न सकिँदैन, योभन्दा बढी बदनामी कमाउन सकिँदैन भन्ने निष्कर्षका साथ साम्राज्यवादीले पनि चुनावमा भाग लेऊ भन्ने आदेश गरेकै कारण उनीहरू आफ्नो सम्पूर्ण वर्चस्व छ भन्ने ठानेको प्रदेशमा निर्वाचनमा भएभरका सबै एकै ठाउँमा आएर, विपक्षीलाई जनताको भोट माग्न र जनतासमक्ष पुग्ने कार्यक्रम गर्ने नदिएर निर्वाचनमा भाग लिनजाँदा पनि पहिलो हुने सपना त कता हो कता जसलाई प्रवेश नै गर्न दिइएको थिएन, आफ्ना कुरा जनतासमक्ष राख्ने अवसर नै दिइएको थिएन त्यही पाटी समग्र निर्वाचन परिमाणका आधारमा दोस्रो भइदियो र लम्पसारवादीहरू तेस्रो पनि हुननसकेर चौथो वरियतामा चित्त बुझाउन बाध्य भए ।

भनिन्छ, 'लोतन्त्रमा जनता अजेय हुन्छन्, शान्तिपूर्ण मतदानकै माध्यमबाट जस्तासुकै मै हुँ भन्नेलाई पनि धुलो चटाइदिन्छन् ।' परिणाम त त्यस्तै आयो । ए बाबा ! लोकतन्त्रमा जनताले आफ्नो अभिमत जाहेर गर्नपाउनुपर्छ; राजनीति भनेको इसाराले होइन, अरू कसैको निर्देशनमा होइन विचार र सिद्धान्तले निर्देशित भएर गरिनुपर्छ, जबरजस्तीले होइन, छेकेर र रोकेर होइन, लौ त्यो आयो भने त जितिहाल्छ नि त्यसैले छिर्नै दिनुहुन्न भनेर प्रवेश गर्ने नदिएर होइन, जनताको मन जितेर मात्र राजनीति सफल हन्छ भन्ने कुरा साम्राज्यवादीलाई सिकाउने कसले ? उसैको आदेश, निर्देश र इसारामा नाच्ने लम्पसारवादी खेतालालाई त झन् कसले सिकाउने ? दिमागमा घुस्नु पनि त पर्‍यो नि । ए बाबा ! हत्केलाले सूर्य छेकेर अन्धकार पार्न सकिँदैन भन्ने सामान्य ज्ञान पनि नभएका पटमूर्खसँग त केही पो लाग्दो रहेनछ त ! यो मुलुकमा जबरजस्तीले हुँदैन भन्ने कुरा एकताका कथित इसाराका क्रान्तिकारीहरूले जनताको विचार र धनमा जबरजस्ती खोस्ने, लुट्ने र आफनो अनुकूल नभए फरक विचार राख्नेलाई मार्नेसम्मका हर्कत गरेर त्रासकै कारण निकै धेरै मत ल्याउन सफल भए पनि जम्माजम्मी आधा दशकमै पन्द्र-सत्र प्रतिशतमा झर्नुपरेको, जनताको झापड सहन बाध्य हुनुपरेको दृष्टान्त हाम्रै देशमा थियो तर आफैँले नभोगेसम्म चेत्दै नचेत्ने लम्पसारवादीका लागि त्यो दृष्टान्त विश्लेषण गर्ने पनि फुर्सद भएन सायद !

जनताको मनमा एक प्रकारको त्रास भने जीवितै रहेको थियो कि आफ्नो अभिमतद्वारा जिताएर पठाएका नब्बे प्रतिशत जनप्रतिनिधिले दस्तखत गरेर संसारमै नमुना पेस गरेर बनाएको संविधान कतै साम्राज्यवादीहरूका खेलका कारण

असफल नै त हुँदैन ? संविधान असफल पारिदिए भने मुलुकको अवस्था के हुन्छ ? साम्राज्यवादीको तराईजति एक प्रदेश पारेर हजुरबुबाको धोती जस्तो पार्ने षडयन्त्रको सिकार संविधानले हुनु त पर्दैन ? जातैपिच्छे राज्य बाँड्दै हिँड्ने उचालेका कुकुरहरू वा कथित क्रान्तिकारीहरूले आदेश तामेल त गरेका हुन् तर निकास दिननसकेर आफैँ तड्पिरहेको वर्तमानमा फेरि पनि साम्राज्यवादीले खेलिरहेको अवस्थाको निकास के हुनसक्छ ? के उनीहरूको इच्छाबमोजिम संविधान संशोधन गर्नु उचित हुन्छ ? यस्तै यस्तै प्रश्नहरू जनताले गरिरहेका थिए, छन्, चिन्ता गरिरहेका छन् त्यसैले पनि लम्पसारवादीको चाहनाबमोजिम संविधान संशोधन गरिनुहुन्न भन्ने अडानमा रहेको नेपालको राष्ट्रवादी शक्तिकै कारण उनीहरूको चाहना तुहिएर गयो, उनीहरू पछाडि सर्न बाध्य भए तर जनताको चाहना भने पूरा भयो । यो अवस्थाको मूल्याङ्कन गरेर सायद साम्राज्यवादीहरू काँधमा फोहोर गरिरहेका लम्पसारवादीलाई निर्वाचनमा भाग लेओ भन्ने निर्देशन जारी गर्न बाध्य भए र परिणाम हामी जनतासमक्ष आइसकेको छ । आखिर निर्वाचनमा भाग लिनै थियो त मालिकको आदेश र इसारा नपर्खी पहिले नै लिएको भए के बिग्रिन्थ्यो ?

ढिलै भए पनि फेरि निर्वाचन आएको छ । आगामी मङ्सिरमा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन एकैपटक हुने भएको छ । जनताको दबाबकै कारण राष्ट्रिय पार्टी हुनका लागि तोकिएको प्रतिशतमा जनताको मत प्राप्त गर्नु अनिवार्य भएको छ त्यसैले पनि अबको निर्वाचन पार्टीहरूका लागि त्यति सहज छैन, त्यसमा पनि जनताले नपत्याएका र साना दलका लागि त यो फलमामको चिउरा सावित भइरहेको छ । यतिखेर दलहरूको घैँटामा राम्ररी घाम लागेको देखिन्छ र नै उनीहरू इज्जत बचाउने अभियानमा लागेका छन् । चुनावी तालमेलदेखि पार्टी नै एकताका कुरा चलेका छन् । ठुला दलहरूलाई भित्र्याउनकै चटारो भइरहेको छ, मानौँ यो किसानको अन्नबाली भित्र्याउने मङ्सिर महिना हो जस्तै भइरहेको छ ।

हुन त विभाजनभन्दा एकता पक्कै पनि राम्रो कुरा हो । नेपाली राजनीतिमा त्यसमा पनि वामपन्थी राजनीतिमा देखिएको फुट स्वभाविक थिएन र छैन । सानोभन्दा सानो कुरालाई लिएर पार्टी फुट्ने परिपाटीले शासनसत्तामा एउटै विचारधारा बोक्नेहरूको सरकार बन्ने अवस्था नरहनु र फरक विचारका राजनीतिक दलहरू अस्वाभाविक गठबन्धन गर्न बाध्य हुनु राजनीतिको सकारात्मक पक्ष हुँदै होइन । तर यो देश र जनताले भोगेको नियति भने यही नै हो । यो अवस्थामा सुधार ल्याउन भनौँ, थ्रेसहोल्डको सन्त्रासले भनौँ वा विचार मिल्ने एक ठाउँमा आउनुपर्छ भन्ने चेतनाको घैँटोमा घाम लागेको भनौँ वा जे भने पनि देश र जनताको हितमा काम गर्नेगरी तालमेल वा एकताका कुरा भइरहेका हुन् भने यो राम्रो कुरा हो, सकारात्मक कुरा हो । त्योभन्दा महत्त्वपूर्ण कुरा चाहिँ एकैपटक हुने यी दुइटै निर्वाचनका माध्यमबाट नेपालको संविधानको पूर्ण कार्यान्वयन हुनलागेको छ र यो नेपाली जनताको सर्वाधिक खुसीको विषय हो । संविधानको यो कार्यान्वयनका माध्यमबाट मुलुकले सबै समस्याबाट निकास प्राप्त गरोस्, हार्दिक शुभ कामना ।

***रमेश पोखरेल***

## यस अङ्कमा


**विशेष संवाद**

मुलुकको... *शान्ता मानवी/१२*

**कविता/गजल**

गजल - *मनु ब्राजाकी/२९*

रापती - *रूपक अलङ्कार/२९*

मान्छे... - *सुनिल पुरी/३०*

गजल- *प्रेम ओझा/३७*

मेरो...– *कौशिला रिसाल/४४*

नेपाली... – *संगीता झा, ठाकुर/६१*

**अनुवाद/लघुकथा/कविता**

भगवानै.../आँच - *राजेन्द्र परदेसी/४०*

चमत्कार - *अमरजीत कौंके/४१*

एउटा... - *कीर्ति श्रीवास्तव/४२*

डुब्दै... - *धीरेन्द्रप्रताप सिंह 'धवल'/४३*

**कथा/लघुकथा**

पश्चाताप - *खगेन्द्र राई/३८*

पूर्णिमाको... - दुर्गा वनवासी/५०

**यस पटक**

*गोविन्दप्रसाद घिमिरे/८*

**निबन्ध/समालोचना/यात्रासस्मरण**

शिक्षकको... - लीला सिलवाल/२३

अभिलेखीय...- *डा. विदुर चालिसे/३१*

नबाबको... - *बलराम अधिकारी/४५*

मनको... - *डिडी अधिकारी/५५*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

आद्य शंकराचार्य/७

**समाचार** /६३

**अनूभूति**

*प्रा. केशव सुवेदी/६४*



शब्द संयोजन मासिक

**शब्द-संयोजन** (मासिक साहित्यिक प्रकाशन) वर्ष १४ अङ्क ७ पूर्णाङ्क १६२/२०७४ कात्तिक
जिप्रकाका द.नं. १४/२०६०/०६१

**सल्लाहकार**: डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

साहित्य सन्ध्याका लागि **प्रकाशक/संरक्षक**: वासुदेव अधिकारी

**प्रधान सम्पादक**: रमेश पोखरेल

**कार्यकारी सम्पादक**: सुमी लोहनी

**सम्पादक**: रूपक अलङ्कार

**कला**: गणेशकुमार जी.सी.

**आवरण** : **गुगल**

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)

Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: फर्म्याट प्रिन्टिङ प्रेस, भत्केको पुल हाँडिगाउँ, काठमाडौं

**साजसज्जा**: टच क्रिएसन प्रा. लि.



# अभिलेखीय नेपाली क्रियामा क्रमव्यवस्था

❖ डा. विदुर चालिसे©


## सारसङ्क्षेप

*(यस लेखको उद्देश्य नेपाली अभिलेखमा प्रयोग भएका क्रियाहरूमा रहेको क्रमव्यवस्थाबारेमा सामान्य चिनारी गराउँदै जिज्ञासुहरूमा अभिलेखीय भाषा र व्याकरणप्रति रुचि जगाउनु रहेको छ । नेपाली अभिलेखको अध्ययनका क्रममा भेटिएका क्रियामा भएका क्रमव्यवस्थाका विभिन्न स्वरूपहरूलाई वर्गीकरण गरी तिनीहरूको कोटीलाई निक्र्यौल गर्ने काम गर्नुका साथै क्रिया संरचनाबाट बनेका त्यस्ता क्रमव्यवस्थामा देखिएका नयाँ सूचनालाई ऐतिहासिक तथ्य एवम् विश्लेषणसहित अति सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।)*


**शीर्ष शब्दकुञ्जिका :** अभिलेख, क्रिया, धातु, क्रममव्यवस्था, सहसम्बन्ध ।

### १. विषय प्रवेश

अभिलेखीय नेपालीमा प्रयोग भएका भाषाका क्रियाका संरचनामा रहेको क्रमव्यवस्थालाई हेरिएको छ । क्रमव्यवस्थालाई अर्को शब्दमा सहसम्बन्ध, शृङ्खला वा पदक्रम पनि भनिन्छ। क्रियामा भएको धातुको मूल रूप छुट्ट्याई तिनमा भएको विभिन्न उपसर्ग वा रूपायक प्रत्ययहरू भएको विषयलाई हेरिएको छ । अभिलेखीय नेपाली भाषाका क्रिया धातुसँग संलग्न भएका भाषिक संरचनाहरू आफ्नै किसिमका रहेका देखिएका छन् ।

यस लेखको अध्ययन तथा विश्लेषणका लागि नेपाली भाषाको प्रामाणिक लिखित वि.सं. ११५१ को बाँमु खड्काको स्तम्भलेख(खनाल, २०६८ : १७)देखि पछिका विभिन्न राजा रजौटा, सामन्त तथा योद्धाहरूले प्रकाशित गराएका नेपाली भाषाका अधिकांश अभिलेखहरूमध्ये कनकपत्र, ताम्रपत्र, शिलालेख, स्याहास्रेस्ता र पत्रहरू समावेश गरी विश्लेषण गरिएको छ ।

### २. धातुहरूमा रहेको क्रमव्यवस्थाको सैद्धान्तिक स्वरुप

अभिलेखीय नेपाली भाषाको क्रियाका

संरचनाभित्र आफ्नै प्रकारका क्रमव्यवस्था रहेको देखिन्छ । यसमध्ये संरचनात्मक भाषाविज्ञानले परिभाषित गरेको क्रमव्यवस्थाको पद्धतिलाई यस लेखमा विश्लेषणका लागि उपयोग गरिएको छ। क्रियाको बनोटका लागि 'उपसर्ग+धातु(सङ्गति)', 'धातु+इ(सङ्गति)', 'क्रिया१+क्रिया२(सङ्गति)', 'नामपद+क्रिया(सङ्गति)', 'धातु+आउ(सङ्गति)', 'धातु+रूपायक(सङ्गति)', 'अकरण+धातु+कृदन्त', 'धातु+(सङ्गति)अकरण ', 'धातु+भावप्रत्यय', 'धातु+कृदन्त' क्रियापदका संरचनाव्यवस्थाको क्रमबाट बन्नसक्दछ ।

### ३. क्रियाको क्रमव्यवस्थाको विश्लेषण

अभिलेखीय नेपालीका क्रियाका एकल धातुमा उपसर्ग, वाच्य, संयुक्तक्रिया, मिलितक्रिया, प्रेरणार्थक, रूपायक, अग्र-अकरण, पश्च-अकरण, भावक्रिया तथा कृदन्तीकरणका रूपमा सोहीअनुसारको क्रमव्यवस्था क्रियामा प्रयोग भएको पाइन्छ भने विस्तारित धातुहरूमा भूतकाल, अभूतकाल, विध्यर्थभाव, भावकर्मवाच्य, पूर्ण द्वित्व, दरवारीआदर तथा उच्च आदरमा पनि सोहीअनुसार क्रियामा क्रमव्यवस्था रहेको पाइन्छ । क्रियाको क्रमव्यवस्थालाई देखाउन मूल धातु/मूल क्रियाका लागि '□' चिह्न, दायाँका लागि '□' एवम् वायाँका लागि '□' चिह्नको प्रयोग गरिएको छ :

#### ३.१ उपसर्ग

यस संरचनामा मूल धातुको 'वायाँतिर□□' उपसर्गका रूपमा रहेर अभिलेखीय नेपालीमा 'अपाव' क्रिया प्रयोग भएको निम्नअनुसार पाउनसकिन्छ, जस्तै :

| | | | | |
|---|---|---|---|---|
| *तालिका–१* | *संरचना–* | उपसर्ग | + | धातु(सङ्गति) |
| | *क्रियापद–* | अ | + | **पाउ**(आव) |
| | *क्रमव्यवस्था–* | १ | + | २(३) |

माथिको उदाहरणबाट 'अपाव' क्रियामा 'अ' उपसर्गको क्रमव्यवस्थामा धातुको बायाँतिर रही पहिलो क्रममा रहेको देखिन्छ भने मूल धातु दोस्रो क्रमव्यवस्थामा रहेको देखिन्छ । त्यस्तै सङ्गतिको प्रयोग चाहिँ त्यसपछि मात्रै तेस्रो स्थानमा प्रयोग भएको पाउनसकिन्छ ।

#### ३.२ वाच्यमा

यस संरचनामा मूलधातुको '□□दायाँतिर' वाच्यार्थको रूपमा रहेर अभिलेखीय नेपालीमा 'बसिन्छ' क्रिया प्रयोग भएको निम्नअनुसार पाउनसकिन्छ, जस्तै :

| | | | | |
|---|---|---|---|---|
| *तालिका–२* | *संरचना–* | धातु | + | इ(सङ्गति) |
| | *क्रियापद–* | **बस्** | + | इ(न्छ) |
| | *क्रमव्यवस्था–* | १ | + | २(३) |

माथिको उदाहरणबाट 'बसिन्छ' क्रियाको 'बस्' धातुमा 'इ' वाच्यार्थक रूपायक प्रत्ययको क्रमव्यवस्थामा धातुको दायाँतिर रही दोस्रो क्रममा रहेको देखिन्छ भने मूल धातु पहिलो क्रमव्यवस्थामा रहेको देखिन्छ। त्यस्तै सङ्गतिको प्रयोग चाहिँ त्यसपछि मात्रै तेस्रो स्थानमा प्रयोग भएको पाउनसकिन्छ ।

३.३ **संयुक्त क्रिया**

यस संरचनामा मूलक्रियाको '□□दायाँतिर' सहायक क्रियाको रूपमा रहेर अभिलेखीय नेपालीमा 'मरिजानु' संयुक्त क्रिया प्रयोग भएको निम्नअनुसार पाउनसकिन्छ, जस्तै :

| | | | | |
|---|---|---|---|---|
| *तालिका–३* | *संरचना–* | क्रिया१ | + | क्रिया२ (सङ्गति) |
| | *क्रियापद–* | **मरि** | + | **जा**(नु) |
| | *क्रमव्यवस्था–* | १ | + | २(३) |

माथिको उदाहरणबाट 'मरिजानु' संयुक्त क्रियाको 'मरि' क्रियामा 'जानु' सहायक क्रियाको क्रमव्यवस्थामा मूल क्रियाको दायाँतिर बसी दोस्रो क्रममा रहेको देखिन्छ भने मूल क्रिया पहिलो क्रमव्यवस्थामा रहेको देखिन्छ। त्यस्तै सङ्गतिको प्रयोग चाहिँ त्यसपछि मात्रै तेस्रो स्थानमा प्रयोग भएको पाउनसकिन्छ।

३.४ **मिलित क्रिया**

यस संरचनामा नामको '□□दायाँतिर' सहायक क्रियाको रूप रहेर अभिलेखीय नेपालीमा 'मनलिया' मिलित क्रिया प्रयोग भएको निम्नअनुसार पाउनसकिन्छ, जस्तै :

| | | | | |
|---|---|---|---|---|
| *तालिका–४* | *संरचना–* | नाम | + | क्रिया(सङ्गति) |
| | *क्रियापद–* | **मन** | + | **लि**(या) |
| | *क्रमव्यवस्था–* | १ | + | २(३) |

माथिको उदाहरणबाट 'मनलिया' मिलित क्रियाको 'मन' नाममा 'लिया' सहायक क्रियाको क्रमव्यवस्थामा मूल नामको दायाँतिर बसी दोस्रो क्रममा रहेको देखिन्छ भने नाम पहिलो क्रमव्यवस्थामा रहेको देखिन्छ। त्यस्तै सङ्गतिको प्रयोग चाहिँ त्यसपछि मात्रै तेस्रो स्थानमा प्रयोग भएको पाउनसकिन्छ।

३.५ **प्रेरणार्थक**

यस संरचनामा मूल धातुको '□□दायाँतिर' प्रेरणार्थक प्रत्ययको रूप रहेर अभिलेखीय नेपालीमा 'करायो' प्रेरणार्थक क्रिया प्रयोग भएको निम्नअनुसार पाउनसकिन्छ, जस्तै :

| | | | | |
|---|---|---|---|---|
| *तालिका–५* | *संरचना–* | धातु | + | आउ(सङ्गति) |
| | *क्रियापद–* | **कर्** | + | **आउ**(यो) |
| | *क्रमव्यवस्था–* | १ | + | २(३) |

माथिको उदाहरणबाट 'करायो' प्रेरणार्थक क्रियाको 'कर्' मूल धातुमा 'आउ' प्रेरणार्थक प्रत्ययको क्रमव्यवस्थामा मूल धातुको दायाँतिर बसी दोस्रो क्रममा रहेको देखिन्छ भने मूल धातु पहिलो क्रमव्यवस्थामा रहेको देखिन्छ। त्यस्तै सङ्गतिको प्रयोग चाहिँ त्यसपछि मात्रै तेस्रो स्थानमा प्रयोग भएको पाउनसकिन्छ।

३.६ **रूपायक**

यस संरचनामा मूलधातुको '□□दायाँतिर' रूपायक प्रत्ययको रूप रहेर अभिलेखीय नेपालीमा 'पायो' क्रिया प्रयोग भएको निम्नअनुसार पाउनसकिन्छ, जस्तै :

| | | | | |
|---|---|---|---|---|
| *तालिका–६* | *संरचना–* | धातु | + | रुपायक((सङ्गति)) |
| | *क्रियापद–* | **पाउ** | + | **–यो** (एव, भू, पुलि, निआ) |
| | *क्रमव्यवस्था–* | १ | + | २(३) |

माथिको उदाहरणबाट 'पायो' क्रियाको 'पाउ' मूल धातुमा 'यो' रूपायक प्रत्ययको क्रमव्यवस्थामा मूल धातुको दायाँतिर बसी दोस्रो क्रममा रहेको देखिन्छ भने मूल धातु पहिलो क्रमव्यवस्थामा रहेको देखिन्छ । त्यस्तै सङ्गतिको प्रयोग चाहिँ त्यसपछि मात्रै तेस्रो स्थानमा प्रयोग भएको पाउनसकिन्छ ।

**३.७ अग्र अकरण**

यस संरचनामा मूल धातुको 'बायाँतिर□□' उपसर्गका रूपमा रहेर अभिलेखीय नेपालीमा 'नपाएर' कृदन्तीकरण क्रिया प्रयोग भएको निम्नअनुसार पाउनसकिन्छ, जस्तै :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| *तालिका–७* | *संरचना–* | अकरण | + | धातु | + | कृदन्त |
| | *क्रियापद–* | **न–** | + | **पाउ** | + | **–एर** |
| | *क्रमव्यवस्था–* | १ | + | २ | + | ३ |

माथिको उदाहरणबाट 'नपाएर' अकरण कृदन्तीकरण क्रियामा 'न' उपसर्गको क्रमव्यवस्थामा धातुको बायाँतिर रही पहिलो क्रममा अग्र अकरण भएको देखिन्छ भने मूल धातु दोस्रो क्रमव्यवस्थामा रहेको देखिन्छ । त्यस्तै कृदन्तीकरणको सङ्गतिको प्रयोग चाहिँ त्यसपछि मात्रै तेस्रो स्थानमा प्रयोग भएको पाउनसकिन्छ ।

**३.८ पश्च अकरण**

यस संरचनामा मूल धातुको '□□दायाँतिर' पश्च अकरण प्रत्ययको रूप रहेर अभिलेखीय नेपालीमा 'खाएन' क्रिया प्रयोग भएको निम्नअनुसार पाउनसकिन्छ, जस्तै :

| | | | | |
|---|---|---|---|---|
| *तालिका–८* | *संरचना–* | धातु | + | (सङ्गति)अकरण |
| | *क्रियापद–* | **खा** | + | (–यो) **–न** |
| | *क्रमव्यवस्था–* | १ | + | (२) ३ |

माथिको उदाहरणबाट 'खाएन' अकरण क्रियामा 'न' प्रत्ययको क्रमव्यवस्थामा धातुको दायाँतिर रही तेस्रो क्रममा पश्च अकरण भएको देखिन्छ भने मूल धातु पहिलो क्रमव्यवस्थामा रहेको देखिन्छ । त्यस्तै पश्च अकरणको सङ्गतिको प्रयोग चाहिँ त्यसपछि मात्रै दोस्रो स्थानमा प्रयोग भएको पाउनसकिन्छ ।

**३.९ भावक्रिया**

यस संरचनामा मूल धातुको '□□दायाँतिर' भावक्रिया प्रत्ययको रूप रहेर अभिलेखीय नेपालीमा 'परोस्' क्रिया प्रयोग भएको निम्नअनुसार पाउनसकिन्छ, जस्तै :

| | | | | |
|---|---|---|---|---|
| *तालिका–९* | *संरचना–* | धातु | + | भावप्रत्यय |
| | *क्रियापद–* | **पर्** | + | **–ओस्** |
| | *क्रमव्यवस्था–* | १ | + | २ |

माथिको उदाहरणबाट 'परोस्' भावक्रियामा 'ओस्' प्रत्ययको क्रमव्यवस्थामा धातुको दायाँतिर रही दोस्रो क्रममा भावक्रिया भएको देखिन्छ भने मूल धातु पहिलो क्रमव्यवस्थामा रहेको देखिन्छ। त्यस्तै भावक्रियाको सङ्गतिको प्रयोग चाहिँ यसमा पाउनसकिदैँन।

### ३.१० कृदन्तीकरण

यस संरचनामा मूलधातुको '□□ दायाँतिर' कृदन्तीकरण प्रत्ययको रूप रहेर अभिलेखीय नेपालीमा 'गरेर' क्रिया प्रयोग भएको निम्नअनुसार पाउनसकिन्छ, जस्तै :

| | | | | |
|---|---|---|---|---|
| *तालिका–१०* | *संरचना–* | धातु | + | कृदन्तीकरण |
| | *क्रियापद–* | **गर्** | + | **–एर** |
| | *क्रमव्यवस्था–* | १ | + | २ |

माथिको उदाहरणबाट 'गरेर' कृदन्तीकरणमा 'एर' प्रत्ययको क्रमव्यवस्थामा धातुको दायाँतिर रही दोस्रो क्रममा कृदन्तीकरण भएको देखिन्छ भने मूल धातु पहिलो क्रमव्यवस्थामा रहेको देखिन्छ। त्यस्तै कृदन्तीकरणको सङ्गतिको प्रयोग चाहिँ यसमा पाउनसकिदैँन।

माथिका क्रमसङ्ख्या (३.१) देखि (३.१०) सम्मका धातुहरूमा रहेको संरचनागत उदाहरणले अभिलेखीय नेपाली भाषामा प्रयोग भएको धातुको क्रमव्यवस्थालाई स्पष्ट पारेको हुँदा अखिलेखीय नेपालीमा रहेको क्रियाधातुको क्रमव्यवस्था नै आधुनिक नेपालीमा निरन्तर प्रयोग भएर आएको रहेछ।

## ३.२ विस्तारित धातुहरूको सहसम्बन्ध

अभिलेखीय नेपाली भाषाको क्रियाका संरचनाभित्र धातुहरूको विस्तारित सहसम्बन्धगत भूमिका आफ्नै किसिमको रहेको देखिन्छ भने मेरु, रञ्जक र योजिकाको सहसम्बन्धबाट संयुक्त क्रियाहरू बनेका देखिन्छन्। यस्तो सहसम्बन्ध क्रियाका कारणले विस्तारित वाक्यको गुच्छ संरचना निर्माण गरेको देखिन्छ। वाक्यको एउटा क्रियाधातुको भूमिकाले अर्को क्रियाधातुको बिच सहयोग स्थापित गर्न कृदन्तले सहसम्बन्धगत भूमिका खेलेको पाइन्छ। मेरुबाट रञ्जक एवम् रञ्जकबाट योजिकाको सहसम्बन्धको पहिचानका लागि '>' चिह्नको प्रयोग गरिएको छ :

*तालिका–११*

विस्तारित धातुहरूको सहसम्बन्ध

| क्र.सं. | विवरण | मेरु | रञ्जक | योजिका |
|---|---|---|---|---|
| १) | *अभूतकाल–* | **छाड्**+[−इ] > | **अकर**+[−याँ(ए)] > | **छुँ** (पृथ्वी मल्ल, १४१३) |
| | *अभूतकाल–* | **बसाल्**+[−इ] > | दे+[−या(ए)+को] > | **छ** (मलय वर्मा, १४४६) |
| | *भूतकाल–* | **मर्**+ [−इ] > | **जा**+[−न्याँ(ने)] > | **थियो** (पृथ्वीनारायण, १८३१) |
| २) | *भूतकाल–* | **जा**+[−नु] > | ● > | **भयो** (शिलेम शाही, १६५५) |
| ३) | *विध्यर्थभाव–* | **बन्**+[−दै] > | ● > | **गर** (पृथ्वीनारायण, १८२३) |
| ४) | *भावकर्मवाच्य–* | **टङ्कार**+[−इ]> | ● > | **–यो** (सङ्गति) (पृथ्वी मल्ल, १५४५) |

| क.सं. | विवरण | मेरु | रञ्जक | योजिका |
|---|---|---|---|---|
| ५) | *पूर्ण द्वित्व–* | गर्+[–आउ] > | [+यो] > | **गर्नु**– (विक्रम साइमल, १६७७) |
| ६) | *दरवारीआदर–* | **बक्स**+[–नु] > | ● > | **भयो** (मलै बंब, १७७६) |
| ७) | *उच्च आदर–* | गर्+[–नु] > | ● > | हुन्छ (पृथ्वीनारायण,१८३१) |

माथिका क्रमसंख्या (१) देखि (७) सम्मका धातुहरूमा रहेको संरचनागत उदाहरणले अभिलेखीय नेपाली भाषामा प्रयोग भएको विस्तारित धातुहरूमा सहसम्बन्धको शृङ्खलामा रहेको  क्रियामा उनिएको पहिलो धातुमा मात्र अभिधार्थ वा कोशगत अर्थ कायम रहेको पाइन्छ भने दोस्रो, तेस्रो, चौथो आदि अरू जुनसुकै धातुमा अभिधार्थ उडेको र त्यसमा नयाँ व्याकरणिक अर्थको जलप लागेको देखिन्छ। एउटै धातु दोहोरिए पनि पहिलो र दोस्रो धातुको एउटै अर्थ नहुने अभिलेखीय नेपाली भाषाको प्रक्रियाले विस्तारित धातुहरूको सहसम्बन्ध जनाएको देखिन्छ। यसरी आफ्नो अभिधार्थ कायम राखेको, क्रियाका शृङ्खलामा उनिएका *सबभन्दा देब्रेतिर पर्ने अर्थात् पहिलो धातुलाई मेरु सबभन्दा दाहिनेतिर पर्नसक्ने धातु (छ, थियो) लाई योजिका र कोशगत अर्थ गुमाएर नयाँ व्याकरणिक अर्थको जलप लागेको अनि मेरु र योजिकाबिचको धातुलाई रञ्जक* क्रियाका रूपमा प्रयोग भएको देखिन्छ।

मेरु, रञ्जक र योजिकाको भूमिका निर्वाह गर्ने क्रियाहरूको कार्यलाई परिभाषित गर्न मेरु क्रियाधातुमा '–इ', '–नु', '–दै' कृदन्तीकरण, '–इ' भावकर्म वाच्यीकरण तथा '–आउ' प्रेरणार्थीकरणले रञ्जकसँगको सम्बन्ध जोड्ने भूमिका निर्वाह गरेको देखिन्छ भने रञ्जक क्रियाधातुमा '–याँ(ए)' एवं '–या(ए)+को' कृदन्तीकरण, '–न्याँ(ने)' अभूतकालिक भविष्यत् उपकाल तथा '–+यो' सामान्य भूतकालिक रूपायकले योजिका (छ, थियो) सँग आफ्नो सहसम्बन्धगत भूमिका देखाएको पाइन्छ। विस्तारित धातुहरूमा सहसम्बन्धको शृङ्खलामा रहेका कतिपय मेरु क्रियाधातुको शक्ति र योजिकाको भूमिकाको बिचमा देखिएको अर्थसंयोजनका आधारमा रञ्जकको भूमिका '–० (शून्य)' भएर पनि क्रमसङ्ख्या (२) देखि (७) सम्मका मेरु र योजिकाको बिचमा सिधै सहसम्बन्ध स्थापित भएर क्रियाधातुहरू विस्तारित भएका देखिन्छन्।

## ४. सारांश

अभिलेखीय नेपालीमा क्रियाभित्र रहेका विभिन्न खालका क्रमव्यवस्थामध्ये क्रियाको बनोटका लागि 'उपसर्ग+धातु$^{(\text{सङ्गति})}$', 'धातु+इ$^{(\text{सङ्गति})}$', 'क्रिया$^{१}$+क्रिया$^{२(\text{सङ्गति})}$', 'नामपद+क्रिया$^{(\text{सङ्गति})}$', 'धातु+आउ$^{(\text{सङ्गति})}$', 'धातु+रूपायक$^{(\text{सङ्गति})}$', 'अकरण+धातु+कृदन्त', 'धातु+$^{(\text{सङ्गति})}$अकरण', 'धातु+भावप्रत्यय', 'धातु+कृदन्त' क्रियापदका संरचना व्यवस्थाको क्रमबाट बनेका रहेछन् भने विस्तारित धातुहरूको सहसम्बन्ध मेरु, रञ्जक एवम् योजिकाको संरचनाका शृङ्खलामा उनिएर बनेको देखिन्छ। अभिलेखीय नेपालीमा प्रयोग भएको यस्तो आधारमा नै आधुनिक नेपालीमा पनि सोही विशेषता क्रियाका क्रमव्यवस्थामा प्रयोग भएको समेत पाइन्छ।

## सन्दर्भ कृतिसूची

अधिकारी,सूर्यमणि (२०४३) **पश्चिम नेपालको ऐतिहासिक अन्वेषण**,काठमाडौँ : नेपाल र एसियाली अध्ययन केन्द्र,त्रि.वि. ।

(ई.१९८६) "खशराज्य जुम्ला, बझाङ र कुमाउँका केही अभिलेखहरू" **कन्ट्रिब्युसन टु नेप्लिज स्टडिज** ,१३.२ : पृ.२०५-२१३ ।

(२०५५) **जुम्लाराज्यको इतिहास**,काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.।

खनाल,मोहनप्रसाद(२०२८) **अभिलेख संकलन**, काठमाडौँ : साझा प्रकाशन ।

(२०६८) **नेपाली भाषाको हजार वर्ष**, काठमाडौँ : राइनो पब्लिकेसन प्रा.लि. ।

चालिसे, विदुर (२०७१) **अभिलेखीय नेपाली क्रिया**( दो.सं.), काठमाडौँ : युनिक एजुकेसनल पब्लिसर्स प्रा.लि.

थापा,रमेशजङ(सं.) (२०३१-३४) "ऐतिहासिक पत्रस्तम्भ" **प्राचीन नेपाल**, ३०-३९ : १२३–१३८ ।

(२०३४) "ऐतिहासिक पत्रस्तम्भ" **प्राचीन नेपाल**, ४०-४१ : पृ.३५ ।

पाण्डेय, वासुदेव (...) "नेपाल एकीकरणपूर्व कालिक डोटी राज्यका राजाहरूका केही अभिलेखहरू" **अप्रकाशित लेख**, (....) : ६-१६ ।

(२०६५) "डोटी क्षेत्रका ताम्रपत्रको सङ्कलन र अध्ययन" **लोकायन**, १, १: ९०-१८८

पोखरेल,बालकृष्ण (२०४३) **पाँच सय वर्ष**, ललितपुर : साझा प्रकाशन ।

बज्राचार्य,धनवज्र (२०३९-४०) "श्री ५ पृथ्वीनारायण शाहका केही ऐतिहासिक पत्र" **कन्ट्रिब्युसन टु नेप्लिज स्टडिज**, १०.१-२ : पृ.१०७-११५ ।

बज्राचार्य, धनवज्र, (२०३२) **नुवाकोटको ऐतिहासिक रूपरेखा**, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

श्रेष्ठ,टेकबहादुर (२०३७) **शाहकालका अभिलेख**,पहिलो भाग, काठमाडौँ :नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

बराल, ईश्वर(२०३०) **सयपत्री**, काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (२०३७) **नेपाल र नेपाली**, काठमाडौँ : अच्यूतकुमारी भट्टराई ।

भट्टराई, रोहिणीप्रसाद (२०३३) **बृहत् नेपाली व्याकरण**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

'यात्री', पूर्णप्रकाश नेपाल (२०३४) **सेतीका तारा**, विराटनगर : हिमाली सौगात प्रकाशन ।

(२०३९) **राजा गगनिराजको यात्रा**, काठमाडौँ : नेपाल रिसर्च एसोसिएटस् ।

योगी, नरहरिनाथ (२०१३) **इतिहास प्रकाश**,अङ्क-२, भाग-१, मृगस्थली : इतिहास प्रकाशक सङ्घ ।

(२०२२) **इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह**, काठमाडौँ : गोरक्ष प्रकाशनमाला ।

सुवेदी, राजाराम (ई.१९७९) "बझाङ जिल्लाका बाह्र अभिलेखहरू" **कन्ट्रिब्युसन टु नेप्लिज स्टडिज**, ६-२ : पृ.७३-१०१ ।

(२०३६) "अप्रकाशित केही अभिलेखहरू" **कन्ट्रिब्युसन टु नेप्लिज स्टडिज**, ७-१ र २ : पृ.९९ ।

(२०५५)**बाइसी राज्यको ऐतिहासिक रूपरेखा**, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिवि ।



© *सहप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार, काठमाडौँ ।*


## ❑ गजल



### ❖ प्रेम ओझा

देशलाई जुवा खेल्दिन दाउ छोएर भन
कपुतले चिथोरेका आलो घाउ छोएर भन ।

हजारौँ टुहुरा र निमुखाहरूको श्राप लाग्ला
भरखरै काडिएका चल्लाको माउ छोएर भन ।


किनार लगाउँछु भनेर आशा बाँड्ने धेरै देखिए
साँच्चै पार लाउँछौ मझधारको नाउ छोएर भन ।


रोएर आमाको आँसुले खोला भइसक्यो
आमालाई रुवाउँदिन दुई पाउ छोएर भन ।

हामीले हात काटेर माया पनि दियौँ
आफू जन्मेको माटो हो यो गाउँ छोएर भन ।


*- फिदिम-२, पाँचथर* *Premojha23@gmail.com*

जि.प्र.का.का. द.नं. ९४/२०६०/०६१ म.क्षे.हु.नि. द.नं. २०/०६९/७०




'अविच्छिन्न प्रकाशन भइरहेको साहित्यिक पत्रिका शब्द-संयोजन मासिक'

**खोजी खोजी पढ्नुहोस्'।**